विधेयकमा प्राप्त संशोधनको सूचनाहरूको एकीकृत विवरण

(प्रतिनिधि सभा नियमावली, २०८३ को नियम ११४ सँग सम्बन्धित)

विधेयकको नामः राष्ट्रिय सेवा दल विधेयक, २०८३

संशोधनको सूचना पेस गर्नुहुने माननीय सदस्यहरू (दर्ताको क्रमानुसार):

दर्ता नं.	माननीय सदस्यहरूको नाम, थर
१.	मा. नरेन्द्र कुमार केरुङ
२.	मा. रेनुका काउँचा
३.	मा. क्रान्तिशिखा धिताल
४.	मा. गणेश बहादुर विश्वकर्मा
५.	मा. लिमा अधिकारी (आचार्य)
६.	मा. रन्जु न्यौपाने
७.	मा. परशुराम तामाङ्ग
८.	मा. कृपाराम राना
९.	मा. गुरु प्रसाद बराल
१०.	मा. सुशील खड्का
११.	अस्वीकृत
१२.	मा. नितिमा भण्डारी (कार्की)
१३.	मा. डा. तोसिमा कार्की
१४.	मा. गंगालक्ष्मी अवाल

संशोधनको विवरणः

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/ दफा	संशोधनको बेहोरा
१.	मा. सुशील खड्का	प्रस्तावना	प्रस्तावनामा रहेका,
२.	मा. नितिमा भण्डारी (कार्की)		- "**विद्यालयमा अध्ययनरत विद्यार्थी**" भन्ने शब्दहरूको सट्टा "**१३ वर्ष पूरा भई २१ वर्ष ननाघेका कुनै पनि योग्य नेपाली युवा**" भन्ने शब्दहरू राखुपर्ने।
३.	मा. डा. तोसिमा कार्की	प्रस्तावना	प्रस्तावनामा रहेका, - "**विद्यालयमा**" भन्ने शब्दअघि "**माध्यमिक**" भन्ने शब्द थप गर्नुपर्ने। - "**विद्यार्थीमा**" भन्ने शब्दपछि "**नेपालको सार्वभौमिकता**" भन्ने शब्दहरू थप गर्नुपर्ने। - "**राष्ट्रिय एकता**" भन्ने शब्दहरूपछि "**राष्ट्रिय सुरक्षा**" भन्ने शब्दहरू थप गर्नुपर्ने। - "**नैतिकवान**" भन्ने शब्दपछि "**क्षमतावान**" भन्ने शब्द थप गर्नुपर्ने। - "**तयार गरी**" भन्ने शब्दहरूपछि "**विपद् व्यवस्थापन, राहत, उद्धार, संस्कृति तथा सम्पदा संरक्षण, पूर्वाधार पुनर्निर्माण साथै**" भन्ने शब्दहरू थप गर्नुपर्ने। - "**दलको**" भन्ने शब्दपछि "**गठन, व्यवस्थापन, तालिम तथा परिचालन**" भन्ने शब्दहरू थप गर्नुपर्ने।
४.	मा. गणेश बहादुर विश्वकर्मा	१	उपदफा (१) मा रहेका, - "**राष्ट्रिय सेवा दल**" भन्ने शब्दहरूको सट्टा "**राष्ट्रिय स्वयं सेवक दल**" भन्ने शब्दहरू राखुपर्ने।
५.	मा. नरेन्द्र कुमार केरुङ	२	खण्ड (च) को सट्टा देहायको खण्ड (च) राखुपर्नेः "(च) "राष्ट्रिय आवश्यकता" भन्नाले प्राकृतिक विपद्, महामारी, वा सङ्घीय संसद्ले घोषणा गरेको आपतकालीन अवस्था जस्ता परिस्थितिमा मात्र सीमित रही, नेपाल सरकार, मन्त्रिपरिषद्ले तोकेको परिस्थिति वा अवस्था सम्झनुपर्छ। यस्तो परिस्थिति तोक्नुअघि सङ्घीय संसद्को सम्बन्धित समितिलाई पूर्व-जानकारी दिनुपर्नेछ।"

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/ दफा	संशोधनको बेहोरा
६.	मा. क्रान्तिशिखा धिताल	२	**खण्ड (च) को सट्टा देहायको खण्ड (च) राखुपर्नेः** "(च) "राष्ट्रिय आवश्यकता" भन्नाले नेपाल सरकार, मन्त्रिपरिषद्ले सङ्घीय संसद्को दुवै सदनको स्वीकृति लिई तोकेको, समयावधि किटान गरिएको र सार्वजनिक रूपमा अधिसूचना प्रकाशित गरिएको परिस्थिति वा अवस्था सम्झनुपर्छ, यस्तो घोषणा एकपटकमा नब्बे दिनभन्दा बढी अवधिको हुनेछैन, तर संसदको स्वीकृतिमा पटकपटक नवीकरण गर्न सकिनेछ।"
७.	मा. लिमा अधिकारी (आचार्य)	२	**खण्ड (घ) मा रहेको,** - "**रक्षा**" भन्ने शब्दको सट्टा "**शिक्षा तथा खेलकुद**" भन्ने शब्दहरू राखुपर्ने।
८.	मा. कृपाराम राना	२	**खण्ड (क) मा रहेको,** - "**क्याडेट**" भन्ने शब्दको सट्टा "**राष्ट्रिय सेवा दलको सदस्य**" भन्ने शब्द राखी वाक्य मिलाउनुपर्ने। **खण्ड (च) को सट्टा देहायको खण्ड (च) राख्नुपर्नेः** "(च) **"राष्ट्रिय आवश्यकता"** भन्नाले बाह्य हस्तक्षेप, प्राकृतिक विपत्ति, बाढी, पहिरो, भूकम्प, महामारीको परिस्थिति वा अवस्था सम्झनुपर्छ।"
९.	मा. सुशील खड्का	२	**देहायको खण्ड (ट) थप गर्नुपर्नेः** "(ट) "**प्रशिक्षार्थी**" भन्नाले यस ऐनबमोजिम राष्ट्रिय सेवा दलको तालिममा सहभागी हुने विद्यार्थी वा तोकिएको योग्यता पूरा गरेको अन्य नेपाली युवा सम्झनुपर्छ।"
१०.	मा. नितिमा भण्डारी (कार्की)		
११.	मा. गंगा लक्ष्मी अवाल	२	**खण्ड (क) मा रहेको,** - "**क्याडेट**" भन्ने शब्दको सट्टा "**प्रशिक्षार्थी**" भन्ने शब्द राख्नुपर्ने।
१२.	मा. गणेश बहादुर विश्वकर्मा	३	**उपदफा (५) मा रहेका,** - "**देशको अन्य स्थानमा**" भन्ने शब्दहरूको सट्टा "**सात वटै प्रदेशमा**" भन्ने शब्दहरू

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/ दफा	संशोधनको बेहोरा
			राख्नुपर्ने।
१३.	मा. गुरु प्रसाद बराल	३	<u>उपदफा (५) मा</u> - "**आवश्यकताअनुसार देशका अन्य स्थानमा**" भन्ने शब्दहरू हटाई "**७ वटै प्रदेशमा सामाजिक विकास मन्त्रालयसँग समन्वय गरी १/१ वटा कार्यालय रहने छ र पालिका तहका विद्यालयसम्म विस्तार गर्न सम्बन्धित क्षेत्रका पालिकाहरूसँग समेत समन्वय गर्नुपर्ने।**" भन्ने शब्दहरू राख्नुपर्ने।
१४.	मा. सुशील खड्का	३	<u>उपदफा (१) मा रहेका,</u> - "**विद्यालयमा अध्ययनरत विद्यार्थी**" भन्ने शब्दहरूको सट्टा "**प्रशिक्षार्थी**" भन्ने शब्द राख्नुपर्ने। <u>उपदफा (२) मा रहेका,</u> - "**विद्यार्थी**" भन्ने शब्दको सट्टा "**प्रशिक्षार्थी**" भन्ने शब्द राख्नुपर्ने। <u>उपदफा (३) को सट्टा देहायको उपदफा (३) राखुपर्नेः</u> "(३) राष्ट्रिय सेवा दललाई अङ्ग्रेजीमा National Volunteer Corps (NVC) भनिनेछ।"
१५.	मा. नितिमा भण्डारी (कार्की)		
१६.	मा. डा. तोसिमा कार्की	३	<u>उपदफा (१) मा रहेका,</u> - "**विद्यालयमा**" भन्ने शब्दअघि "**माध्यमिक**" भन्ने शब्द थप गर्नुपर्ने। - "**नैतिकवान**" भन्ने शब्दपछि "**क्षमतावान**" भन्ने शब्द थप गर्नुपर्ने। <u>उपदफा (२) मा रहेका,</u> – "**विद्यार्थीमा**" भन्ने शब्दपछि "**नेपालको सार्वभौमिकता**" भन्ने शब्दहरू थप गर्नुपर्ने। – "**राष्ट्रिय एकता**" भन्ने शब्दहरूपछि "**राष्ट्रिय सुरक्षा**" भन्ने शब्दहरू थप गर्नुपर्ने। <u>उपदफा (५) मा रहेको,</u> – "**दलले**" भन्ने शब्दपछि "**प्रत्येक प्रदेशमा प्रदेश कार्यालय तथा**" भन्ने शब्दहरू थप गर्नुपर्ने।
१७.	मा. गंगालक्ष्मी अवाल	३	<u>उपदफा (१) मा रहेको,</u> - "**विद्यालयमा अध्ययनरत**" भन्ने शब्दहरूपछि "**१८ वर्ष मुनिका**" भन्ने शब्दहरू थप

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/ दफा	संशोधनको बेहोरा
			गर्नुपर्ने।
१८.	मा. लिमा अधिकारी (आचार्य)	४	<u>उपदफा (२) को सट्टा देहायको उपदफा (२) राख्नुपर्ने:</u> "(२) सेवा दलको तालिम सञ्चालनका लागि आवश्यक पर्ने प्रशिक्षकहरू रक्षा मन्त्रालयले निर्धारण गरेको मापदण्डबमोजिम नेपाली सेनाका अधिकारी, नेपाल प्रहरी, सशस्त्र प्रहरी बलका अधिकारी तथा तालिमप्राप्त नागरिक प्रशिक्षक (Civilian Instructors) सम्मिलित एक संयुक्त संयन्त्रबाट खटाइनेछ र प्रशिक्षकहरूको कम्तीमा ४०% भाग शिक्षा तथा खेलकुद मन्त्रालयद्वारा तोकिएका गैर-सैनिक विज्ञ वा तालिमप्राप्त नागरिक प्रशिक्षक हुनेछन्।"
१९.	मा. सुशील खड्का	४	<u>उपदफा (३) मा रहेका,</u> - "**अन्य सेवाबाट**" भन्ने शब्दहरूपछि "**लगायत निजी क्षेत्र, गैरसरकारी संस्था, शैक्षिक संस्था तथा अन्य विज्ञसमेत खटाउन सक्नेछ**" भन्ने शब्दहरू राख्नुपर्ने।
२०.	मा. निर्तिमा भण्डारी (कार्की)		
२१.	मा. डा. तोसिमा कार्की	४	<u>उपदफा (३) मा रहेका,</u> - **"नेपाली सेना"** भन्ने शब्दहरूपछि **"सशस्त्र प्रहरी बल नेपाल, नेपाल प्रहरी, नेपाल स्काउट, विपद् व्यवस्थापन तथा जोखिम न्यूनीकरण प्राधिकरण, नेपाल रेडक्रस, चिकित्सक, नर्स, प्यारामेडिक्स तथा"** भन्ने शब्दहरू थप गर्नुपर्ने।
२२.	मा. नरेन्द्र कुमार केरुङ	५	<u>दफा ५ को सट्टा देहायको दफा ५ राख्नुपर्ने:</u> "**५. <u>सञ्चालक परिषद्:</u>** (१) सेवा दलको समग्र दिशानिर्देशका लागि एक सञ्चालक परिषद् रहनेछ, जसमा देहाय बमोजिमका सदस्य रहनेछन: (क) रक्षामन्त्री -अध्यक्ष (ख) शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री -सदस्य (ग) राष्ट्रिय सभा तथा प्रतिनिधि सभाबाट सम्बन्धित समितिले तोकेको एकएक जना सांसद -सदस्य (घ) प्रधान सेनापति, नेपाली सेना -सदस्य

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/ दफा	संशोधनको बेहोरा
			(ङ) राष्ट्रिय मानव अधिकार आयोगबाट तोकिएको प्रतिनिधि -सदस्य (च) शिक्षाविद् वा बालअधिकार क्षेत्रमा कार्यरत विशेषज्ञ मध्येबाट नेपाल सरकारले तोकेको दुई जना -सदस्य (छ) महानिर्देशक, सेवा दल -सदस्य-सचिव (२) कुनै पनि एकल पदाधिकारीलाई सेवा दलको एकल संरक्षक वा सर्वोच्च नियन्त्रक तोकिने छैन।" **<u>दफा ५ पछि देहायको दफा ६ र ७ थप गरी दफाक्रम मिलाउनु पर्नेः-</u>** "**६. <u>सञ्चालक परिषद्को काम, कर्तव्य र अधिकारः</u>** सञ्चालक परिषद्को काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः (क) सेवा दल सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा समग्र नीतिगत दिशानिर्देश दिने, (ख) महानिर्देशक नियुक्तिका लागि दफा ९ बमोजिम गठित सिफारिस समितिबाट प्राप्त सिफारिस उपर अन्तिम निर्णय गर्ने, (ग) सेवा दलको वार्षिक बजेट प्रस्ताव, कार्ययोजना र तालिम पाठ्यक्रम स्वीकृत गर्नुअघि समितिबाट सिफारिस माग गरी सोको आधारमा अन्तिम स्वीकृति दिने, (घ) दफा ६ बमोजिमको निर्देशक समितिबाट प्राप्त प्रतिवेदन, सुझाव र सिफारिसहरू उपर समीक्षा गरी आवश्यक निर्णय गर्ने, (ङ) सेवा दलको गतिविधि संविधान, प्रचलित कानून र नेपालले अनुमोदन गरेको अन्तर्राष्ट्रिय सन्धिसम्झौता (बालअधिकार सम्बन्धी महासन्धि) लगायत प्रतिकूल नहुने सुनिश्चित गर्ने, (च) दफा २ को खण्ड (ङ) बमोजिमको "राष्ट्रिय आवश्यकता" तोक्नेसम्बन्धी नेपाल सरकार, मन्त्रिपरिषद्को प्रस्तावमा राय दिने र सोको अभिलेख राख्ने,

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/ दफा	संशोधनको बेहोरा
			(छ) प्रत्येक छ महिनामा सेवा दलको समग्र गतिविधिको स्वमूल्याङ्कन गरी सोको प्रतिवेदन तयार गर्ने, (ज) खण्ड (छ) बमोजिम तयार भएको प्रतिवेदन दफा २७ बमोजिम सम्बन्धित संसदीय समितिसमक्ष पेस गर्न महानिर्देशकलाई निर्देशन दिने, (झ) सेवा दलसँग सम्बन्धित उजुरी, गुनासो वा विवाद उपर प्रारम्भिक सुनुवाइ गरी आवश्यक निर्णय गर्ने र गम्भीर प्रकृतिको उजुरी भएमा स्वतन्त्र छानबिनका लागि सिफारिस गर्ने, (ञ) सेवा दलको संगठनात्मक संरचना, दरबन्दी र जनशक्ति व्यवस्थापनसम्बन्धी प्रस्ताव मन्त्रालयसमक्ष सिफारिस गर्ने, (ट) यस ऐनबमोजिम अन्य निकाय वा पदाधिकारीलाई तोकिएको काम, कर्तव्य र अधिकार बाहेकका सेवा दल सम्बन्धी अन्य नीतिगत विषयमा निर्णय गर्ने। स्पष्टीकरणः यस दफाको प्रयोजनका लागि, सञ्चालक परिषद्ले खण्ड (क) देखी (ट) बमोजिमको अधिकार प्रयोग गर्दा कुनै एक सदस्य वा पदाधिकारीको एकल निर्णयबाट नभई दफा ५ बमोजिमको परिषद्को बैठकमा अनिवार्य रूपमा सामूहिक छलफल र बहुमतको निर्णयबाट मात्र प्रयोग गर्नु पर्नेछ। **७. <u>सञ्चालक परिषद्को बैठकसम्बन्धी व्यवस्थाः</u>** (१) परिषद्को बैठक कम्तीमा वर्षको चार पटक बस्नेछ। (२) परिषद्को कुल सदस्य सङ्ख्याको साठी प्रतिशतभन्दा बढी सदस्य उपस्थित भएमा गणपुरक संख्या पुगेको मानिनेछ। (३) उपदफा (२) बमोजिमको गणपुरक सङ्ख्या पुग्न दफा ५ को खण्ड (ग), (ङ) र (च) बमोजिमको सदस्यहरूमध्ये कम्तीमा दुई जना अनिवार्य रूपमा उपस्थित हुनु पर्नेछ।

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/ दफा	संशोधनको बेहोरा
			(४) परिषद्को निर्णय बैठकमा उपस्थित सबै सदस्यले प्रमाणित गर्नुपर्नेछ र निर्णयको अभिलेख सार्वजनिक रूपमा उपलब्ध गराइनेछ। (५) परिषद्को बैठकको माइन्युट सम्बन्धित संसदीय समितिलाई समेत जानकारीका लागि उपलब्ध गराउनु पर्नेछ।"
२३.	मा. गणेश बहादुर विश्वकर्मा	५	**<u>दफा ५ मा रहेका,</u>** - "**प्रधानमन्त्री सेवा दलको प्रमुख संरक्षक र**" भन्ने शब्दहरू झिक्नुपर्ने र **"रक्षा मन्त्री"** भन्ने शब्दहरूको सट्टा "**शिक्षा मन्त्री**" भन्ने शब्दहरू राख्नुपर्ने।
२४.	मा. लिमा अधिकारी (आचार्य)	५	**<u>दफा ५ मा रहेको,</u>** - "**रक्षा**" भन्ने शब्दको सट्टा "**शिक्षा तथा खेलकुद**" भन्ने शब्दहरू राख्नुपर्ने ।
२५.	मा. परशुराम तामाङ्ग	५	**<u>दफा ५ मा रहेका,</u>** - "**प्रमुख संरक्षक**" भन्ने शब्दहरूपछि रहेका "**र रक्षा मन्त्री संरक्षक**" भन्ने शब्दहरू झिक्नुपर्ने।
२६.	मा. गुरु प्रसाद बराल	५	**<u>दफा ५ मा रहेका,</u>** - "**प्रधानमन्त्री सेवा दलको प्रमुख संरक्षक र**" भन्ने शब्दहरू झिक्नुपर्ने।
२७.	मा. गणेश बहादुर विश्वकर्मा	६	**<u>खण्ड (क), (ख), (ग) र (ङ)</u>** झिक्नुपर्ने।
२८.	मा. नरेन्द्र कुमार केरुङ	६	**<u>खण्ड (ङ) पछि देहायका खण्ड थप गरी त्यसपछिको खण्डक्रम मिलाउनुपर्ने:</u>** "(च) सचिव, महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालय -सदस्य (छ) प्रतिनिधि सभाको सम्बन्धित विषयगत समितिका सभापति -सदस्य (ज) शिक्षा वा बाल मनोविज्ञान क्षेत्रको विज्ञमध्येबाट नेपाल सरकारले तोकेको एक जना -सदस्य"

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/ दफा	संशोधनको बेहोरा
२९.	मा. क्रान्तिशिखा धिताल	६	<u>देहायका खण्ड थप गर्नुपर्ने:</u> (छ) सचिव, महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालय -सदस्य (ज) बाल अधिकार वा मानसिक स्वास्थ्यसम्बन्धी विषयमा विशेषज्ञता भएको व्यक्ति (नेपाल सरकारले मनोनीत गरेको), -सदस्य (झ) सङ्घीय संसदको सम्बन्धित समितिबाट मनोनीत एक जना सांसद -सदस्य
३०.	मा. लिमा अधिकारी (आचार्य)	६	<u>दफा ६ मा उल्लिखित खण्डहरूको सट्टा देहायका खण्डहरू राख्नुपर्ने:</u> (क) मन्त्री, शिक्षा तथा खेलकुद मन्त्रालय -अध्यक्ष (ख) सचिव, रक्षा मन्त्रालय - सदस्य (ग) सचिव, शिक्षा तथा खेलकुद मन्त्रालय - सदस्य (घ) सचिव, युवा, श्रम तथा रोजगार मन्त्रालय - सदस्य (ङ) प्रधान सेनापति वा निजले तोकेको रथी - सदस्य (च) बालअधिकार, युवा विकास वा विपद् व्यवस्थापनको क्षेत्रमा कम्तीमा १० वर्षको अनुभव भएका नागरिक विशेषज्ञहरूमध्येबाट मन्त्रालयले नियुक्त गरेका दुई जना (कम्तीमा एक महिलासहित) -सदस्य (छ) महानिर्देशक सेवा दल - सदस्य-सचिव।"
३१.	मा. परशुराम तामाङ्ग	६	<u>खण्ड (ङ)</u> झिक्नुपर्ने।
३२.	मा. डा. तोसिमा कार्की	६	<u>देहायका खण्ड (छ), (ज) र (झ) थप गर्नुपर्ने:</u> "(छ) विपद् व्यवस्थापन तथा जोखिम न्यूनीकरण प्राधिकरणको प्रमुख/विज्ञ -सदस्य

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/ दफा	संशोधनको बेहोरा
			(ज) नेपाल स्काउटका प्रमुख आयुक्त -सदस्य (झ) प्रकोप, महामारी व्यवस्थापनसम्बन्धी विशेषज्ञ चिकित्सक - सदस्य"
३३.	मा. गुरु प्रसाद बराल	७	<u>उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखुपर्ने:</u> "(१) समितिको वैठक वार्षिक नीति, कार्यक्रम र बजेटको प्रयोजनका लागि आ.व.को वैशाख १५ गते अगावै वार्षिक प्रगति समिक्षा र आगामी कार्यक्रमको लागि भाद्र १५ गते अगावै बस्नुपर्ने।" <u>उपदफा (४) मा देहायको संशोधन गर्नुपर्ने:</u> – "**छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ**" भन्ने शब्दहरू हटाई "**वरिष्ठतम् सदस्य**" राखुपर्ने र त्यसकै आधारमा वरिष्ठतम् सम्वन्धी व्यवस्था समिति गठन ताका नै निर्क्योल गर्नुपर्नेछ।
३४.	मा. डा. तोसिमा कार्की	७	<u>उपदफा (१) मा रहेका,</u> - "**दुई पटक**" भन्ने शब्दहरूको सट्टा "**चार पटक**" भन्ने शब्दहरू राखुपर्ने। <u>उपदफा (४) मा रहेका,</u> - "**आफूमध्येबाट छानेको सदस्यले**" भन्ने शब्दहरूको सट्टा "**उपस्थित ज्येष्ठ सदस्यले**" भन्ने शब्दहरू राखुपर्ने। <u>देहायको उपदफा थप गर्नुपर्ने:</u> "(९) आमन्त्रित सदस्यको निर्णयमा मत हुने छैन।"
३५.	मा. गणेश बहादुर विश्वकर्मा	८	<u>खण्ड (झ)</u> झिक्नुपर्ने।
३६.	मा. परशुराम तामाङ्ग	८	<u>देहायको खण्ड (ञ) थप गर्नुपर्ने</u>: "(ञ) राष्ट्रिय सेवा दलका प्रशिक्षार्थीहरूलाई विपद् वा द्वन्द्व व्यवस्थापनसम्बन्धी मानव अधिकार तथा मानवीय कानूनहरू पाठ्यक्रममा समावेश गर्ने।"

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/ दफा	संशोधनको बेहोरा
३७.	मा. सुशील खड्का	८	**खण्ड (क) पछि देहायको खण्ड थप गर्नुपर्नेः** (क१) विद्यालयमा अध्ययनरत नरहेका तर तोकिएको योग्यता पूरा गरेका इच्छुक नेपाली युवाले आफ्नो बसोबास रहेको वडा वा समुदायको छनोट भएको विद्यालयमार्फत आवेदन दिन सक्नेछन्, र त्यस्ता आवेदकको छनोट समितिले निर्धारण गरेको मापदण्डका आधारमा गरिनेछ।" **खण्ड (ङ) मा रहेको,** - "**विद्यालय**" भन्ने शब्दपछि **"र प्रशिक्षार्थी**" भन्ने शब्दहरू थप गर्नुपर्ने। **खण्ड (च), (ज) र (झ) मा रहेको,** - "**विद्यार्थी**" भन्ने शब्दको सट्टा "**प्रशिक्षार्थी**" भन्ने शब्द राख्नुपर्ने। **देहायका खण्डहरू थप गर्नुपर्नेः** "(ञ) सार्वजनिक-निजी साझेदारी (PPP) , गैरसरकारी संस्था, शैक्षिक संस्था तथा अन्य साझेदार संस्थासँग सहकार्य गरी विशेष तालिम सञ्चालन गर्न स्वीकृति दिने, (ट) तालिम पूरा गरेका विद्यार्थीलाई राष्ट्रिय आवश्यकता अनुसार हिमाली, पहाडी र तराई क्षेत्रमा विपद् व्यवस्थापन तथा सार्वजनिक सेवा, बाढी उद्धार, खाद्य सुरक्षा, जलवायु तथा वातावरण संरक्षण, पर्यटन, स्वास्थ्य तथा विपद् व्यवस्थापन लगायतका विशेषीकृत सेवा मा परिचालन गर्न सकिने।"
३८.	मा. नितिमा भण्डारी (कार्की)		
३९.	मा. डा. तोसिमा कार्की	८	**खण्ड (च) मा रहेको,** - "**मापदण्ड**" भन्ने शब्दपछि "**र विद्यार्थी संङ्ख्या**" भन्ने शब्दहरू थप गर्नुपर्ने। **देहायका खण्ड (ञ), (ट), (ठ) र (ड) थप गर्नुपर्नेः** "(ञ) प्रशिक्षकको सेवा, सुविधा, क्षमता विकाससम्बन्धी व्यवस्था निर्धारण गर्ने, (ट) सेवा दल सञ्चालन र व्यवस्थापनको लागि नेपाल सरकारमार्फत स्रोत व्यवस्थापन गर्ने, (ठ) राष्ट्रिय सेवा दल मार्फत तालिम प्राप्त सबै क्याडेटहरूको National registry स्वीकृत गर्ने, अभिलेख राख्ने,

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/ दफा	संशोधनको बेहोरा
			(ङ) अन्य मन्त्रालयहरूसँग सेवा दल परिचालनको आवश्यकता र तयारीको लागि समन्वय गर्ने।"
४०.	मा. नरेन्द्र कुमार केरुङ	९	<u>उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखुपर्ने:</u> "(१) सेवा दलको प्रशासकीय प्रमुखको रूपमा काम गर्न दफा ५ बमोजिमको सञ्चालक परिषद्ले तोकेको योग्यता तथा अनुभवको आधारमा गठित तीन सदस्य स्वतन्त्र सिफारिस समिति (जसमा नेपाली सेनाको प्रतिनिधि, शिक्षा मन्त्रालयको प्रतिनिधि र लोक सेवा आयोगको प्रतिनिधि रहने) को सिफारिसमा अवकाशप्राप्त उपरथी वा सो सरहको योग्यता भएको civil-military relations को विज्ञ व्यक्तिमध्येबाट नेपाल सरकार, मन्त्रिपरिषद्ले महानिर्देशक नियुक्त गर्नेछ।" <u>उपदफा (१) पछि देहायको उपदफा (२) थप्ने र त्यसपछिको उपदफाक्रम मिलाउनुपर्ने:</u> "(२) उपदफा (१) बमोजिम नियुक्ति गर्नुअघि प्रस्तावित उम्मेदवारको नाम सम्बन्धित संसदीय समितिसमक्ष जानकारीका लागि पठाइनेछ।"
४१.	मा. गणेश बहादुर विश्वकर्मा	९	<u>उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखुपर्ने:</u> "(१) शिक्षामन्त्रीको सिफारिसमा खेलकुदका क्षेत्रमा अन्तर्राष्ट्रिय खेलाडी तथा प्रशिक्षकको रूपमा उल्लेखनीय योगदान गरेको व्यक्तिमध्येबाट महानिर्देशकमा नियुक्ति गर्नेछ।"
४२.	मा. लिमा अधिकारी (आचार्य)	९	<u>उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखुपर्ने:</u> "(१) सेवा दलको प्रशासकीय प्रमुखको रूपमा काम गर्न अवकाशप्राप्त उपरथी वा शिक्षा/प्रशासन वा युवा विकास क्षेत्रमा कम्तीमा १० वर्ष अनुभव भएको विज्ञबाट खुला प्रतिस्पर्धाद्वारा नियुक्त हुनेछ।"
४३.	मा. गुरु प्रसाद बराल	९	<u>उपदफा (२) मा रहेका,</u> - "**दुई वर्ष**" भन्ने शब्दहरूको सट्टा "**तीन वर्ष**" भन्ने शब्दहरू राखुपर्ने। - **"महानिर्देशकलाई १ पटकसम्म दोहोऱ्याउन सकिनेछ"** भन्ने शब्दहरू थप गर्नुपर्ने।
४४.	मा. गंगालक्ष्मी अवाल	९	<u>उपदफा (१) मा रहेको,</u>

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/ दफा	संशोधनको बेहोरा
			- "**अवकाशप्राप्त उपरथीमध्येबाट**" भन्ने शब्दहरूको सट्टा "**नेपाली सेनाबाट अवकाश प्राप्त विशिष्ट श्रेणीको अधिकृतमध्येबाट**" भन्ने शब्दहरू राख्नुपर्ने। **<u>उपदफा (२) मा रहेको,</u>** - "**दुई वर्ष**" भन्ने शब्दहरूको सट्टा "**तीन वर्ष**" भन्ने शब्दहरू राख्नुपर्ने।
४५.	मा. डा. तोसिमा कार्की	१०	**<u>उपदफा (२) मा रहेका,</u>** - "**प्रधान सेनापतिको**" भन्ने शब्दहरूपछि "**सहित निर्देशक समितिको २ सदस्यको**" भन्ने शब्दहरू थप गर्नुपर्ने। **<u>उपदफा (२) मा देहायको खण्ड थप गर्नुपर्ने;</u>** "(ङ) नैतिक आचरण पतन भएमा, भ्रष्टाचार, फौजदारी मुद्दामा दोषी ठहर भएमा, सार्वजनिक पदधारण गर्न अयोग्य ठहर भएमा,"
४६.	मा. डा. तोसिमा कार्की	११	**<u>खण्ड (ख) मा,</u>** - "**वार्षिक प्रतिवेदन**" भन्ने शब्दहरू थप गर्नुपर्ने। **<u>खण्ड (ट) मा,</u>** - "**विद्यालय र शिक्षालयहरूसँग**" भन्ने शब्दहरू थप गर्नुपर्ने। **<u>देहायको खण्ड (ढ) थप गर्नुपर्ने:</u>** "(ढ) राष्ट्रिय आवश्यकता, विपद्, जोखिम, महामारी जस्ता स्थिति पहिचान गरी सेवा दल परिचालन गर्ने, गराउने।"
४७.	मा. रेनुका काउँचा	१४	**<u>उपदफा (३) को सट्टा देहायको उपदफा (३) राख्नुपर्ने:</u>** "(३) उपदफा (२) बमोजिम निवेदन प्राप्त भएमा सम्बन्धित प्रदेश तथा स्थानीय तहको शिक्षा शाखाको सहमति लिई, समितिले स्वीकृत गरेबमोजिमको आधारमा सेवा दलले विद्यालय छनोट गर्नुपर्छ। यसरी छनोट गर्दा आधारभूत तहको विद्यार्थीको हकमा स्थानीय तहलाई निर्णायक सहमति दिने वा नदिने अधिकार हुनेछ।"

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/ दफा	संशोधनको बेहोरा
			<u>उपदफा (५)</u> झिक्नुपर्ने।
४८.	मा. परशुराम तामाङ्ग	१४	<u>देहायको उपदफा (७) थप गर्नुपर्नेः</u> "(७) प्रशिक्षार्थी छनोट गर्दा समानुपातिक, समावेशी खासगरी अल्पसंख्यकलाई प्राथमिकता दिनु पर्नेछ।"
४९.	मा. सुशील खड्का	१४	<u>उपदफा (६) मा रहेको,</u> - "**विद्यार्थीको**" भन्ने शब्दको सट्टा "**प्रशिक्षार्थी**" भन्ने शब्द राख्नुपर्ने। <u>देहायको उपदफा (७) थप गर्नुपर्नेः</u> "(७) विद्यालयमा अध्ययनरत नरहेका तर यस ऐन बमोजिम तोकिएको योग्यता पूरा गरेका इच्छुक नेपाली युवाले आफ्नो बसोबास रहेको क्षेत्रको उपदफा (३) बमोजिम छनोट भएको विद्यालयमार्फत समितिले तोकेको ढाँचामा तालिममा सहभागी हुन निवेदन दिन सक्नेछन्।"
५०.	मा. नितिमा भण्डारी (कार्की)		
५१.	मा. डा. तोसिमा कार्की	१४	<u>उपदफा (५) मा रहेको,</u> - "**सीमान्तकृत**" भन्ने शब्दपछि "**विपद् र महामारीको जोखिम**" भन्ने शब्दहरू थप गर्नुपर्ने।
५२.	मा. रेनुका काउँचा	१५	<u>उपफदा (५) पछि देहायको उपदफा (६) र (७) थप गरी त्यसपछिको उपदफाक्रम मिलाउनुपर्नेः</u> "(६) उपदफा (५) बमोजिम कबुलियतनामा पेस गर्नुअघि सम्बन्धित विद्यार्थी र निज विद्यार्थीको अभिभावकको स्वतन्त्र राय समेत लिनु पर्नेछ र कुनै विद्यार्थीले तालिममा सहभागी हुन अनिच्छा जनाएमा निजलाई बाध्यात्मक रूपमा सहभागी गराइने छैन। (७) उपदफा (६) बमोजिम स्वतन्त्र राय बिना वा बाध्यात्मक रूपमा सहभागी गराएको कार्यलाई प्रचलित कानूनअनुसार फौजदारी कारबाही हुनेछ।"
५३.	मा. क्रान्तिशिखा धिताल	१५	<u>उपदफा (५) को सट्टा देहायको उपदफा (५) राख्नुपर्नेः</u> "(५) कबुलियतनामा पेस गर्नुअघि सम्बन्धित विद्यार्थी एवम् अभिभावकलाई निजको उमेर, पहुँच र समझ अनुसार तालिमको प्रकृति, अवधि र सम्भावित जोखिमबारे बोधगम्य भाषामा जानकारी गराई निजको स्वतन्त्र सहमतिसमेत लिनुपर्नेछ, र विद्यालयले तोकिए बमोजिमको

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/ दफा	संशोधनको बेहोरा
			स्वास्थ्य तथा मनोसामाजिक उपयुक्तता जाँच गराएपछि मात्र तालिममा सहभागी गराउनु पर्नेछ।"
५४.	मा. गुरु प्रसाद बराल	१५	<u>देहायको उपदफा (७) थप गर्नुपर्नेः</u> "(७) तालिम सुरु अगाडी समितिले तोकेको ढाँचा अनुसार संकल्प पत्रमा हस्ताक्षर गर्नुपर्नेछ र तालिम समापन पछि दिक्षान्त समारोहमा सपथ लिनु पर्नेछ।"
५५.	मा. सुशील खड्का	१५	<u>उपदफा (२) र (३) को सट्टा देहायको उपदफा (२) र (३) राखुपर्नेः</u> "(२) जुनियर डिभिजन तहको तालिमका लागि विद्यालयमा कक्षा आठ देखि दशमा अध्ययनरत वा तेह्र वर्ष उमेर पूरा भई अठार वर्ष ननाघेको प्रशिक्षार्थी छनोट गर्न सकिनेछ। (३) सिनियर डिभिजन तहको तालिमका लागि विद्यालयमा कक्षा एघार र बाह्रमा अध्ययनरत विद्यार्थी वा सोह्र वर्ष उमेर पूरा भई एक्काइस वर्ष ननाघेको प्रशिक्षार्थी छनोट गर्न सकिनेछ।" <u>उपदफा (६) मा रहेको,</u> - "**विद्यार्थीको**" भन्ने शब्दको सट्टा "**प्रशिक्षार्थी**" भन्ने शब्द राखुपर्ने।
५६.	मा. नितिमा भण्डारी (कार्की)		
५७.	मा. डा. तोसिमा कार्की	१५	<u>उपदफा (२) मा रहेका,</u> - "**आठ देखि दशसम्म**" भन्ने शब्दहरूको सट्टा "**नौ देखि दशसम्म**" भन्ने शब्दहरू राखुपर्ने। <u>उपदफा (४) मा रहेका,</u> - "**तेह्र वर्षको**" भन्ने शब्दहरूको सट्टा "**चौध वर्ष**" भन्ने शब्दहरू राखुपर्ने।
५८.	मा. सुशील खड्का	१६	<u>उपदफा २ पछि देहायका उपदफा थप गरी उपदफाक्रम मिलाउनु पर्नेः</u> "(३) राष्ट्रिय सेवा दलले राष्ट्रिय आवश्यकता, विपद् जोखिम, स्थानीय आवश्यकता तथा प्राथमिकतालाई मध्यनजर गरी आधारभूत (Basic) तथा विशिष्टीकृत (Specialized) तालिम सञ्चालन गर्न सक्नेछ। आधारभूत (Basic) तहको तालिममा सहभागीलाई हतियारसम्बन्धी प्रशिक्षण अनिवार्य गरिने छैन।
५९.	मा. नितिमा भण्डारी (कार्की)		

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/ दफा	संशोधनको बेहोरा
			(४) उपदफा (३) बमोजिम सञ्चालन गरिने विशिष्टीकृत तालिममा आवश्यकता अनुसार हिमाली, पहाडी र तराई क्षेत्रमा उद्धार, बाढी तथा विपद् उद्धार, खाद्य सुरक्षा, जलवायु तथा वातावरण संरक्षण, पर्यटन, स्वास्थ्य तथा महामारी व्यवस्थापन लगायत राष्ट्रिय आवश्यकता अनुसारका अन्य तालिम समावेश गर्न सकिनेछ।"
६०.	मा. सुशील खड्का	१७	**<u>खण्ड (क) को सट्टा देहायको खण्ड (क) राख्नुपर्नेः</u>** "(क) सम्बन्धित विद्यालयको विद्यार्थी नरहेमा तालिम अवधिमा विद्यालय परिवर्तन गरेमा उक्त विद्यालयको सिफारिस प्राप्त भएको अवस्थामा तालिमलाई निरन्तरता दिन सकिने।"
६१.	मा. नितिमा भण्डारी (कार्की)		
६२.	मा. डा. तोसिमा कार्की	१७	**<u>खण्ड (ग) मा रहेको,</u>** - "**चिकित्सकले**" भन्ने शब्दको सट्टा "**चिकित्सकद्वारा**" भन्ने शब्द राख्नुपर्ने।
६३.	मा. क्रान्तिशिखा धिताल	१८	**<u>दफा १८ को सट्टा देहायको दफा १८ राख्नुपर्नेः</u>** "**१८. <u>तालिमबाट अलग हुने अधिकारः</u>** (१) कुनै पनि क्याडेटले जुनसुकै बखत, कुनै कारण नखुलाई, मौखिक वा लिखित रूपमा तालिमबाट अलग हुने इच्छा जनाउन सक्नेछ र त्यस्तो जनाएको क्षणदेखि नै निजलाई तालिमबाट अलग गरिनेछ। (२) उपदफा (१) बमोजिम अलग हुन कुनै स्वीकृति, अनुमति वा कारण देखाउनुपर्ने छैन; शिक्षालय प्रमुख वा अन्य कसैको स्वीकृति यसको सर्त हुने छैन। (३) यसरी अलग हुने क्याडेटलाई कुनै किसिमको दण्ड, कारबाही वा प्रतिकूल अभिलेख कायम गरिने छैन। शिक्षालयले निजको अभिभावकलाई मात्र जानकारी गराउनु पर्नेछ।"
६४.	मा. क्रान्तिशिखा धिताल	**१८क (दफा थप)**	**<u>दफा १८ पछि देहायको दफा १८क थप गर्नुपर्नेः</u>** "**१८क. <u>मनोसामाजिक संरक्षणः</u>** (१) सेवा दलमा तालिमरत कुनै पनि क्याडेटलाई तालिम अवधिभर तथा दफा १८ बमोजिम परिचालित व्यक्तिलाई परिचालनपछि कम्तीमा एक वर्षसम्म तोकिएबमोजिम नियमित मनोसामाजिक परामर्श तथा स्वास्थ्य अनुगमन उपलब्ध गराइनेछ।

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/ दफा	संशोधनको बेहोरा
			(२) सेवा दल सञ्चालनमा बालबालिका सम्बन्धी ऐन, २०७५ बमोजिमका सुरक्षा तथा संरक्षणसम्बन्धी व्यवस्थाहरू पूर्ण रूपमा पालना गरिनेछ, कुनै पनि अवस्थामा शारीरिक वा मानसिक दण्ड दिन पाइने छैन।"
६५.	मा. रेनुका काउँचा	१९	**<u>उफदफा (१) पछि देहायको उपदफा (२) थप गरी त्यसपछिको उपदफाक्रम मिलाउनुपर्ने:</u>** "(२) उपदफा (१) बमोजिमको अधिकार प्रयोग गर्नुअघि नेपाल सरकारले सङ्घीय संसद्को सम्बन्धित समितिको पूर्व-स्वीकृति लिनुपर्नेछ।"
६६.	मा. क्रान्तिशिखा धिताल	१९	**<u>दफा १९ को सट्टा देहायको दफा १९ राख्नुपर्ने:</u>** "**१९. <u>राष्ट्रिय आवश्यकताको आधारमा तालिम दिने र राष्ट्र सेवामा खटाउन सक्ने:</u>** (१) उपदफा (२) को अधीनमा रही, नेपाल सरकार, मन्त्रिपरिषद्ले विशेष परिस्थिति, युद्ध वा आन्तरिक द्वन्द्वको समयमा दफा १४ बमोजिम योग्य नभएका अठार वर्ष उमेर पूरा भएका नेपाली नागरिकलाई सेवा दलमार्फत तालिम दिन सक्नेछ। (२) उपदफा (१) बमोजिमको तालिम अठार वर्षभन्दा कम उमेरका व्यक्तिलाई कुनै पनि अवस्थामा दिइने छैन। (३) उपदफा (१) बमोजिमको निर्णय सङ्घीय संसद्को दुवै सदनसमक्ष पन्ध्र दिनभित्र पेस गर्नुपर्नेछ र संसद्ले अस्वीकृत गरेमा त्यस्तो निर्णय स्वतः निष्क्रिय हुनेछ।"
६७.	मा. लिमा अधिकारी (आचार्य)	१९	**<u>उपदफा (३) मा रहेका,</u>** - "**राष्ट्र**" भन्ने शब्दको सट्टा "**विपद् व्यवस्थापन, सम्पदा संरक्षण तथा सम्वर्धन, पूर्वाधार निर्माण लगायतको**" भन्ने शब्दहरू राख्नुपर्ने। **<u>उपदफा (४) मा रहेका,</u>** - "**सरकार, मन्त्रिपरिषद्ले निर्धारण गरेबमोजिम हुनेछ**" भन्ने शब्दहरूको सट्टा "**व्यवस्था नियमावलीबमोजिम हुनेछ**" भन्ने शब्दहरू राख्नुपर्ने।
६८.	मा. रन्जु न्यौपाने	१९	**<u>देहायको उपदफा थप गर्नुपर्ने:</u>**

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/ दफा	संशोधनको बेहोरा
			"(५) सेवा दलको सदस्य भएको कारणले मात्र सैनिक सेवामा खटाउन वा त्यस्तो सेवा गर्न बाध्य गरिने छैन।"
६९.	मा. परशुराम तामाङ्ग	१९	**<u>दफा १९ मा देहायको उपदफा (५) थप गर्नुपर्ने:</u>** "(५) यो दलमा भर्ना भएको कारणले कसैलाई सैनिक सेवामा अनिवार्य काम गर्न बाध्य गरिने छैन।"
७०.	मा. कृपाराम राना	१९	**<u>दफा १९ हटाई दफाक्रम मिलाउनु पर्ने।</u>**
७१.	मा. सुशील खड्का	१९	**<u>उपदफा (३) को सट्टा देहायको उपदफा (३) राख्नुपर्ने:</u>** "(३) नेपाल सरकारले यस ऐन बमोजिम तालिम लिएका प्रशिक्षार्थी तथा उपदफा (१) बमोजिम तालिम प्राप्त गरेका व्यक्तिलाई स्वयंसेवकका रूपमा राष्ट्र सेवामा खटाउन सक्नेछ। त्यस्ता स्वयंसेवकलाई आवश्यकता अनुसार हिमाली, पहाडी र तराई क्षेत्रमा उद्धार, बाढी तथा विपद् उद्धार, खाद्य सुरक्षा, जलवायु तथा वातावरण संरक्षण, पर्यटन, स्वास्थ्य तथा महामारी व्यवस्थापन, जलवायु प्रकोप लगायत राष्ट्रिय आवश्यकता अनुरूपका अन्य क्षेत्रमा परिचालन गर्न सकिनेछ।"
७२.	मा. नितिमा भण्डारी (कार्की)		
७३.	मा. सुशील खड्का	२०	**<u>दफा २० को सट्टा देहायको दफा २० राख्नुपर्ने:</u>** "२०. **<u>बजेट व्यवस्थापन:</u>** मन्त्रालयलाई सालबसाली रूपमा प्राप्त हुने बजेट सीमाभित्रबाट सेवा दललाई आवश्यक पर्ने बजेट व्यवस्थापन गरिनेछ। साथै, सेवा दलको सञ्चालन तथा कार्यक्रम कार्यान्वयनका लागि नेपाल सरकारका अन्य मन्त्रालय, प्रदेश सरकार, स्थानीय तह, कानुनबमोजिम प्राप्त हुने अनुदान, सहयोग तथा अन्य वैधानिक स्रोतबाट समेत बजेट तथा आर्थिक स्रोत उपलब्ध गराउन सकिनेछ।"
७४.	मा. नितिमा भण्डारी (कार्की)		
७५.	मा. रेनुका काउँचा	२७	**<u>उफदफा (२) पछि देहायको उपदफाहरू थप गर्नुपर्ने:</u>** "(३) मन्त्रालयले उपदफा (१) बमोजिम प्राप्त प्रगति विविरण प्राप्त भएको एक महिनाभित्र सम्बन्धित संसदीय समितिसमक्ष प्रत्यक्ष प्रस्तुतीकरण गर्नुपर्नेछ।

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/ दफा	संशोधनको बेहोरा
			(४) महालेखा परीक्षकको कार्यलयले सेवा दलको वार्षिक वित्तीय तथा प्रशासकीय क्रियाकलापको विशेष लेखा परीक्षण गरी सोको प्रतिवेदन सङ्घीय संसद्समक्ष पेस गर्नेछ।"
७६.	मा. लिमा अधिकारी (आचार्य)	२७	**दफा २७ पछि देहायको दफा २७क. थप गर्नुपर्नेः** "**२७क. विवरण पेस गर्नुपर्नेः** सेवा दलले वर्षको एक पटक सङ्घीय संसद्को सम्बन्धित विषयगत समितिमा आफ्नो वार्षिक कार्य प्रगति र बजेट खर्चको विवरण पेस गर्नुपर्नेछ।"
७७.	मा. लिमा अधिकारी (आचार्य)	२८	**दफा २८ को सट्टा देहायको दफा २८ राख्नुपर्नेः** "**२८. निर्देशन दिन सक्नेः** (१) मन्त्रालयले सेवा दललाई आवश्यकताअनुसार निर्देशन दिन सक्नेछ। (२) उपदफा (१) बमोजिमको निर्देशन पालना गर्नु सेवा दलको कर्तव्य हुनेछ।"
७८.	मा. रेनुका काउँचा	२९	**उपदफा (२) पछि देहायको उपदफा (३) थप्ने र त्यसपछिको उपदफाक्रम मिलाउनुपर्नेः** "(३) उपदफा (१) बमोजिमको कार्यविधि र मापदण्ड लागु हुनुअघि सम्बन्धित संसदीय समितिसमक्ष पैंतिस दिनको अवधि दिई जानकारीको लागि पेस गर्नुपर्नेछ। उक्त अवधिभित्र समितिले कुनै आपत्ति जनाएमा सोको सम्बोधन नगरी कार्यविधि लागु गर्न सकिने छैन।"

प्रतिनिधि सभा नियमावली, २०८३ को नियम ११३ को उपनियम (१) मा रहेका संशोधनसम्बन्धी सर्तहरूको अधीनमा रही ऐ.ऐ. नियमको उपनियम (२) बमोजिम क्र.स. १ देखि क्र.स. ७८ सम्मका संशोधनको सूचनाहरू छलफलका लागि स्वीकृत।

.....
(डोल प्रसाद अर्याल)
सभामुख